# नेपाल पत्रकार महासंघ

## गण्डकी प्रदेश समिति कार्यालय, पोखरा

## Federation of Nepali Journalists (FNJ)

Gandaki Province Committee Office, Pokhara

पत्र संख्या :

चलानी नं. :

मिति: २०७१/०५/०५

**प्रेस विज्ञप्ति**

पोखराबाट नियमित प्रकाशन हुँदै आएको यस क्षेत्रको अग्रणी मध्यको एक पत्रिका समाधान दैनिकमा छापिएको समाचारलाई लिएर पोखराको सूर्यदर्शन सहकारी पीडितहरुको नाममा पत्रिका जलाइएको घटनाका विषयमा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश समितिको गम्भिर ध्यनाकर्षण भएको छ ।

जनतालाई सुसूचित गराउने भरपर्दो माध्यमको रुपमा रहेको पत्रिकालाई जलाइनु र पत्रिकाका सम्पादक रामकृष्ण ज्ञवालीको नाम लिंदै धम्किपूर्ण अभिव्यक्ति दिनु संविधान विपरित र प्रेस एव अभिव्यक्ति स्वतन्त्रामाथिकै आक्रमणको रुपमा महासंघले लिएको छ । यस घटनाको घोर भर्त्सना गर्दै पत्रिका जलाउने र सर्वजनिक रुपमा पत्रकार माथि धम्किपूर्ण लाञ्छना लगाउने व्यक्तिको पहिचान गरी यथाशीघ्र कानूनी दायरामा ल्याउन नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश समिति सम्बन्धित निकायसंग जोडदार माग गर्दछ ।

साथै, समाचारको विषयमा चित्त नबुझे सूचना विभाग, प्रेस काउन्सिल र अदालतसम्म जाने विकल्प हुंदा हुँदै पछिल्ला दिनमा सार्वजनिक स्थलमा पत्रकार माथि भएको सांघातिक आक्रमण, सरकारमा रहेका जिम्मेवार व्यक्तिबाट पत्रकार कुट्नुपर्ने धम्की र पत्रिका नै जलाउने जस्ता घटनाले समग्र श्रमजिवी पत्रकार र सञ्चारगृह समेत असुरक्षित भएको महसुस् भएको छ । यी र यस्ता घटनामा संलग्न जोकोही दोषीलाई कानूनी दायरामा ल्याइ निर्वाध रुपमा समाचार संकलन एवं प्रकाशन/प्रशारणको सहज वातावरण बनाउन समेत सम्बन्धित पक्षसंग महासंघ गण्डकी प्रदेश समिति आग्रह गर्दछ ।

गोविन्द प्रसाद सुवेदी

महासचिव